रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : ३ मिति : २०८१/०३/२५

## भाग १

## रंगेली नगरपालिका

रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

## रंगेली नगरपालिकाको शिक्षा ऐन (तेस्रो संशोधन), २०८१

नगरसभा बाट स्वीकृत मितिः २०८१/०३/१०

## रंगेली नगरपालिकाको शिक्षा ऐन (तेस्रो संशोधन), २०८१

**प्रस्तावनाः** रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरसभाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " रंगेली नगरपालिकाको शिक्षा ऐन (तेस्रो संशोधन), २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. रंगेली नगरपालिकाको शिक्षा ऐन (तेस्रो संशोधन), २०८१ मा संशोधनः**

रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा १७ (ङ) मा देहाय बमोजिम थप गरिएको तथा २१(८) तथा ३४(५) र ३४(६) मा संशोधन गरिएको छ ।

(१) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा १७ मा थपिएको

१७ (ङ) : शिक्षा तर्फको नगरको दरवन्दी पूर्ण नभए सम्म आइ सि टि सम्बन्धी ज्ञान भएका शिक्षकलाई नगरपालिकाले तोकिए बमोजिम कामकाजमा खटाउन सक्ने ।

(२) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा २१(८) मा संशोधन

**दफा २१(८):** माथि जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अवधि सकिएको भोली पल्ट देखि विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वडा अध्यक्षले विद्यालय व्यवस्थापन समितिको अध्यक्षको काम गर्नेछ, वडा अध्यक्षको पद रिक्त भएको वा स्वास्थ्यका कारण आफ्नो जिम्मेवारी निर्वाह गर्न नसक्ने अवस्थामा नगरप्रमुखले कार्यकुशलता र क्षमताका आधारमा पालिकाका निर्वाचित प्रतिनिधीलाई अध्यक्ष तोक्न सक्नेछ । उक्त समितिमा वडा अध्यक्षका साथै उपदफा (१) को (घ) र (ङ) का पदाधिकारी रहनेछ। विद्यालय व्यवस्थापन समितिको अवधि सकिएको ६ महिना भित्र प्रक्रिया अनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ साथै यस अघि अवधि सकिएका विद्यालय व्यवस्थापन समितिको समेत यो संशोधन

राजपत्रमा प्रकाशित भएको मिति देखि सोही अवधि भित्र प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । वि.व्य.स. गठन प्रक्रिया पूरा गर्ने क्रममा दुई पटक सम्म अभिभावकहरुको बैठकबाट प्रयास गर्दा समेत सर्व सहमतिबाट छनौट हुन नसकेमा नगर शिक्षा समिति प्रमुखले छनौट गरी चार जना सदस्यहरु तोक्नेछ । यस पश्चात वि.व्य.स. गठनका प्रक्रिया शुरु गरिनेछ ।

(३) रंगेली नगरपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३४ (५) र (६) मा संशोधन

**दफा ३४(५)** करारमा शिक्षक, कर्मचारी, संघीय शिक्षण सहयोगी र नगरको शिक्षण सहयोगी छनौट गर्नका लागि विषय विज्ञको व्यवस्था नगर प्रमुख, उप प्रमुख एवं प्र. प्र. अ. को सिफारिसमा दुई जना विज्ञ शिक्षा शाखाले तोक्नेछ र परीक्षा संचालन तथा अन्तरवार्ता समेत गरी प्राप्त नतिजा छनौट समितिलाई उपलब्ध गराउनुपर्नेछ । सम्बन्धित तहको शिक्षकको लागि लिइने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । नगरपालिकाले समय समयमा दरखास्त आवहान गरी विषय विज्ञहरुको व्यक्तिगत विवरण सहितको विज्ञसूचि अद्यावधिक गरी राख्नुपर्नेछ ।

**दफा ३४(६)** करारमा शिक्षक, संघीय शिक्षण सहयोगी र नगरको शिक्षण सहयोगी छनौट गर्न सम्बन्धित तहको शिक्षकको लागि लिइने परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ । साथै बाल शिक्षक (स. का.) र विद्यालय सहायक कर्मचारी छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम उपदफा १ मा रहेको छनौट समिति आफैले निर्धारण गर्नेछ ।तर विद्यालय सहयोगीको छनौट अन्तरवार्ताको माध्यमबाट मात्र गरिनेछ ।

आज्ञाले

श्री ओमकार प्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत